# अपराध पीडित संरक्षण सम्बन्धी कानुनी व्यवस्थाको जानकारी पत्र




FWLD

अविभेद र समानताका लागि कार्यरत

प्रकाशन नं. २१३

## नेपालको संविधानमा अपराध पीडितको हक




- नेपालको संविधानअनुसार संविधान नेपालको मूल कानुन हो । यस संविधानसँग बाझिने कानुन बाझिएको हदसम्म अमान्य हुने व्यवस्था गरेको छ ।
- नेपालको संविधानमा समावेश भएका ३१ वटा मौलिक हकहरू मध्ये अपराध पीडित संरक्षण ऐन, २०७५ पछिल्लो उपलब्धी हो ।
- नेपालको संविधानको धारा २१ मा अपराध पीडितको हकको बारेमा निम्न प्रकारका प्रावधानहरू रहेका छन्:
    - ✦ अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारवाही सम्बन्धी जानकारी पाउने हक हुनेछ,
    - ✦ अपराध पीडितलाई कानुन बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ ।
- यो ऐन २०७५ असोज २ गते कार्यान्वयनमा आएको हो ।
- यस ऐनले अपराध पीडितको न्यायिक अधिकारहरूलाई सुनिश्चित गर्दछ । यस ऐनले पीडितहरूको मुद्दाको अनुसन्धान तथा कारवाहीका साथै अपराध पीडितहरूका लागि कानुन बमोजिम सामाजिक पुनर्स्थापना र क्षतिपूर्तिको व्यवस्था गरेको छ ।

## अपराध पीडित संरक्षण ऐन, २०७५ को परिभाषा

एउटा व्यक्तिले अर्को व्यक्तिलाई शारीरिक वा मानसिक क्षति पुऱ्याउने गरी केही कार्य गरेको छ भने त्यस्तो कार्यलाई अपराधिक कार्य भनिन्छ । यस दौरान त्यस्तो क्षति भोगेका पीडितहरूको संरक्षण गर्ने राज्यको दायित्व हो । यहि विषयलाई मध्यनजर गरी अपराधिक कार्यमा प्रभावित व्यक्ति र उसको हक अधिकारलाई रक्षा गर्नको निमित्त अपराध पीडित संरक्षण ऐन, २०७५ बनेको हो ।

### कसूर भनेको के हो ?

पीडितको मृत्यु भएको वा पीडितले क्षति व्यहोर्नु परेको प्रचलित कानून बमोजिम सरकार वादी हुने फौजदारी कसूर हो ।



### कसूरदार भनेको के हो ?

कसूरमा अदालतबाट कसूरदार ठहर भएको व्यक्ति कसूरदार हो ।

### प्रथमस्तरको पीडित को हुन्?

प्रथमस्तरको पीडित भनेको देहाय बमोजिमका व्यक्ति हुन् :

- पीडकको उमेर, मानसिक अस्वस्थता, कुटनीतिक उन्मुक्ति वा पदीय आधारले फौजदारी दायित्व बेहोर्नु नपर्ने,
- पीडकको पहिचान नखुलेको,



- पीडकविरूद्ध अभियोग नलागेको,
- कसूरसँग सम्बन्धित मुद्दा फिर्ता भएको,
- कसूरदारलाई भएको सजाय माफी भएको,
- कसूरदार ठहर नभएको,
- पीडितसँग पीडकको जे जस्तो पारिवारिक सम्बन्ध भए पनि पीडित विरूद्ध वारदात भएकोमा कसूरको प्रत्यक्ष परिणाम स्वरूप मृत्यु भएको क्षति पुगेको व्यक्ति ।

सो शब्दले कसूरमा संलग्न नरही देहायको कुनै अवस्थामा मृत्यु भएको वा क्षति पुगेको व्यक्तिलाई समेत जनाउँछ ।

- कसूर गरिरहेको व्यक्तिलाई कसूर गर्नबाट रोक्ने कार्य गर्दा,
- कुनै व्यक्तिको विरूद्धमा कसूर भइरहेको अवस्थामा त्यस्तो व्यक्तिलाई कसूरबाट बचाउने उद्देश्यले मनासिब सहयोग र उद्धार गर्ने कार्य गर्दा,
- कसूर गरिरहेको वा गरेको व्यक्तिलाई पक्राउ गर्न खोज्दा वा शंकास्पद व्यक्ति, अभियुक्त वा कसूरदारलाई पक्राउ गर्ने सिलसिलामा अधिकार प्राप्त अधिकारीलाई सहयोग पुऱ्याउँदा ।

## द्वितीयस्तरको पीडित को हुन्?



द्वितीयस्तरको पीडित भनेको प्रथमस्तरको पीडितको विरूद्धमा भइरहेको वा भएको कसूरमा संलग्न नभएको तर त्यस्तो कसूरको प्रत्यक्षदर्शी साक्षी भएको कारणले क्षति बेहोर्नु परेको व्यक्ति हुन् ।

सो शब्दले कसूरमा संलग्न नरहेको तर कसूरको बारेमा जानकारी भएको वा प्रत्यक्षदर्शी साक्षी भएको कारणबाट क्षति व्यहोर्नु परेको प्रथमस्तरको पीडित नाबालिगको संरक्षक र प्रथमस्तरको पीडितको विरूद्धमा भएको कसूरका सम्बन्धमा थाहा पाएको कारणले क्षति व्यहोर्नु परेको देहायको व्यक्तिलाई समेत जनाउँछः

- प्रथम स्तरको पीडितको संरक्षक,
- प्रथम स्तरको पीडित नाबालिग भएमा,
- त्यस्तो क्षति बेहोर्नु परेको व्यक्ति त्यस्तो कसूरमा संलग्न नरहेमा ।

## पारिवारिक पीडित को हुन्?

- पारिवारिक पीडित भन्नाले मृतक पीडितको सगोलको आमा, बाबु, पति, पत्नी वा पीडितमा आश्रित एकासगोलको परिवारको अन्य सदस्य हुन् ।

## क्षति भन्नाले के बुझिन्छ?

कसूरको प्रत्यक्ष परिणाम स्वरूप पीडितलाई पुगेको देहायको क्षतिः

- शारीरिक अङ्गभङ्ग,

- जबरजस्ती करणीको कारण गर्भ रहेको,
- पीडितको शारीरिक वा मानसिक स्वास्थ्य वा आयु माथि प्रतिकूल प्रभाव पार्ने चिकित्सा विज्ञानद्वारा मान्यता प्राप्त सरूवा रोग लाग्नु,
- चिकित्सकद्वारा पहिचान गरिएको मानसिक चिन्ता, मानसिक तनाव (इमोसनल ट्रमा) वा क्षति,
- शारीरिक, बौद्धिक, यौन वा प्रजनन क्षमता नष्ट हुनु वा सो क्षमतामाथि गम्भीर क्षति हुनु,
- जबरजस्ती करणीका कारण पीडितको सामाजिक, सांस्कृतिक वा पारिवारिक प्रतिष्ठामा परेको प्रतिकूल प्रभाव,
- मनोवैज्ञानिक वा मनोचिकित्सकीय क्षति,
- आर्थिक वा भौतिक क्षति,
- पीडितको शारीरिक सौन्दर्य कुरूप हुनु ।



### पीडित कति बेला मानिन्दैन?

- निजी रक्षा अन्तर्गत आफ्नो वा अरू कसैको जीउ, ज्यान, सम्पत्ति वा सतित्वको रक्षा गर्ने सिलसिलामा कुनै कार्य गर्दा, आदेश बमोजिम खटिएको वा तैनाथ रहेको सुरक्षाकर्मीले आफ्नो कर्तव्य पालनाको सिलसिलामा प्रचलित कानून बमोजिम कुनै कार्य गर्दा, अनुसन्धान गर्ने अधिकार पाएको अनुसन्धान अधिकारीले आफ्नो अधिकार क्षेत्रभित्र रही अनुसन्धानको सिलसिलामा कुनै कार्य गर्दा, आपराधिक दायित्व बहन गर्नु नपर्ने अवस्थामा भएको कुनै कार्य गर्दा पीडित मानिन्दैन ।
- पीडकको उमेर, मानसिक अस्वस्थता, कुटनीतिक उन्मुक्ति वा पदीय आधारले पीडकको आपराधिक दायित्व बहन गर्न नपर्ने भएमा पनि त्यस्तो व्यक्तिले कसूर गरेको मानिने र कसूरका कारण सम्बन्धित व्यक्तिलाई पीडित मानिनेछ ।

## फौजदारी न्यायिक प्रक्रियामा पीडितका अधिकारहरु

नेपालको संविधानले अपराध पीडितको हकलाई सुनिश्चित गरेको छ । तल उल्लेखित अधिकारहरू फौजदारी न्यायिक प्रक्रियामा पीडितका अधिकारहरू हुन् :

### अपराध पीडितको सूचनाको अधिकार

#### अनुसन्धान सम्बन्धी सूचनाको अधिकार

कसूरका सम्बन्धमा हुने अनुसन्धान तथा तहकिकातका प्रक्रिया सम्बन्धी सामान्य जानकारी पीडितले माग गरेमा सम्बन्धित अनुसन्धान अधिकारी वा निकायले देहाय बमोजिमको सूचना पीडितलाई यथाशीघ्र दिनुपर्छः

- पीडितले प्राप्त गर्ने चिकित्सकीय, मनोवैज्ञानिक, मनोचिकित्सकीय, सामाजिक, कानूनी वा अन्य कुनै सेवा वा परामर्श, अभियोजन गर्ने निकायको नाम र पूरा ठेगाना, अनुसन्धान अधिकारीको नाम, कार्यालय र टेलिफोन नम्बर,
- अनुसन्धान तथा तहकिकातको प्रगति विवरण, शंकास्पद व्यक्तिको नाम, उमेर, ठेगाना र हुलिया,

- शंकास्पद व्यक्ति पक्राउ भएमा सो को व्यहोरा, शंकास्पद वा अन्य कुनै व्यक्तिले कसूरका सम्बन्धमा अनुसन्धान अधिकारी समक्ष व्यक्त गरेको कुरा,
- अनुसन्धान अधिकारीको हिरासतबाट शंकास्पद व्यक्ति फरार भएमा वा पुर्ण पक्राउ भएमा सो को व्यहोरा,
- अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको वा पक्राउ भएको व्यक्तिलाई अनुसन्धान अधिकारीले हिरासतमा राख्न आवश्यक नदेखी हिरासतबाट छाडेमा सो को व्यहोरा,
- पीडितलाई त्यस्तो सूचना दिएमा सो कसूरको अनुसन्धानमा प्रतिकूल असर पर्ने संभावना भएमा वा शंकास्पद वा निजसम्बद्ध व्यक्तिको जीउ, ज्यान वा सम्पत्तिमाथि खतरा हुन सक्ने भएमा अनुसन्धान निकायले त्यस्तो सूचना पीडितलाई दिन बाध्य हुदैन र त्यसरी सूचना दिन नमिल्ने व्यहोराको कारण सहितको जानकारी पीडितलाई अनुसन्धान निकायले दिनु पर्छ ।



## अभियोजन सम्बन्धी सूचनाको अधिकार

अभियोजन गर्ने निकाय वा अधिकारीले कसूरको सम्बन्धमा पीडितलाई निजले माग गरेमा देहाय बमोजिमको सूचना यथाशीघ्र दिनु पर्छः

- मुद्दा नचलाउन निर्णय गरेको भएमा उक्त विषयको आधार र कारण,
- कुनै व्यक्ति विरूद्ध मुद्दा चलाउने निर्णय गरिएको र कुनै व्यक्तिको हकमा मुद्दा नचलाउने निर्णय गरिएमा मुद्दा नचलाउने निर्णय गरिएको व्यक्तिको नाम, थर, वतन र मुद्दा नचलाउने निर्णय गर्नुको आधार र कारण,
- मुद्दा चलाउने निर्णय गरेकोमा अभियोगपत्रको एक प्रति प्रमाणित प्रतिलिपि, अदालती कारवाहीको प्रक्रिया सम्बन्धी सामान्य जानकारी,
- मुद्दा चलाइएका र तत्काल मुद्दा नचलाइएका व्यक्तिका सम्बन्धमा थप माग दावी लिएकोमा सोको व्यहोरा र सो सम्बन्धमा मुद्दा हेर्ने अधिकारीले गरेको आदेश,
- पीडित व्यक्ति कसूरको साक्षी समेत भएकोमा निजले साक्षीको रूपमा निर्वाह गर्नु पर्ने भूमिका सम्बन्धी जानकारी,
- अभियोगपत्र दायर हुँदा फरार रहेको अभियुक्त मुद्दा हेर्ने अधिकारीको आदेश बमोजिम पक्राउ भई वा आफैं हाजिर हुन आएमा सोको व्यहोरा,
- कसूरका सम्बन्धमा अदालतमा दायर भएको मुद्दा नेपाल सरकारले फिर्ता लिने निर्णय गरेकोमा सोको व्यहोरा

## न्यायिक कारवाही सम्बन्धी सूचनाको अधिकार

अभियोजन गर्ने निकाय, अधिकारी वा अदालत वा सम्बन्धित निकायले पीडितले माग गरेमा निजलाई देहायको सूचना यथाशीघ्र दिनु पर्नेछः

- अभियुक्त पुर्पक्षको लागि थुनामा बस्नु पर्ने भएमा सोको व्यहोरा,
- अभियुक्त पुर्पक्षको लागि थुनामा बस्नु नपर्ने भएमा वा थुनामा रहेको अभियुक्त थुनाबाट मुक्त भएमा सोको व्यहोरा,
- अदालतमा हुने सुनुवाइको मिति, स्थान र समय,
- अभियुक्तले जमानत वा तारेखमा छोडी पाउँ भनी निवेदन दिएकोमा सो सम्बन्धी जानकारी र सो निवेदनमा भएको आदेशको व्यहोरा,




- अभियुक्तलाई मुद्दा हेर्ने अधिकारीले धरौटी, जमानत वा तारेखमा छोड्दा वा पीडित वा पीडितको नजिकको नातेदारको सुरक्षाको लागि राखेको शर्त सम्बन्धी व्यहोरा,
- अभियुक्तले धरौटी, जमानत वा तारेखमा छुटी पाउँ भनी शुरू अदालतको आदेश विरूद्ध पुनरावेदन तहमा निवेदन दिएकोमा निवेदनको सूचना तथा त्यस्तो निवेदनमा भएको आदेशको व्यहोरा,
- पुर्पक्षको लागि थुनामा रहेको अभियुक्त थुनाबाट भागेमा र त्यसरी भागेकोमा पुनः पक्राउ भई वा आफै उपस्थित हुन आएमा सो को व्यहोरा,
- अभियुक्त वा कसूरदारलाई सुपरिवेक्षणको शर्तमा थुना वा कारागारबाट मुक्त गरिएकोमा सपुरिवेक्षण शर्तहरू र त्यस्ता शर्तहरू हेरफेर भएमा हेरफेर गरिएका शर्त सम्बन्धी व्यहोरा र त्यस्तो हेरफेर लागू हुने मिति,
- सुपरिवेक्षणमा थुनाबाट मुक्त भएको अभियुक्त वा कसूरदारले सुपरिवेक्षणका शर्तहरू पालना गरे नगरेको,
- अभियुक्त वा कसूरदारलाई प्रचलित कानून बमोजिम कारागार स्थानान्तरण गरिएमा सो सम्बन्धी व्यहोरा,
- कसूरदारलाई भएको सजाय र कैद भएकोमा कैद भुक्तान हुने समय,
- कसूरदार कैद सजाय भुक्तान गर्नु अगावै फरार भएमा वा पुनः पक्राउ भई आएमा सो को व्यहोरा,
- कैद सजाय भुक्तान हुनु अगावै कसूरदारलाई भएको सजाय माफी, मुलतवी, परिवर्तन वा कम भएकोमा वा कुनै कानूनी व्यवस्था अन्तर्गत कसूरदारले सजायबाट छुट पाएमा वा मुक्त भएमा सो को व्यहोरा,
- सुपरिवेक्षणमा रहनु पर्ने शर्तमा मुद्दा नचलाइएको वा कारागार नपठाइएको वा कैदबाट मुक्त गरिएको पीडकले सुपरिवेक्षणको शर्त उल्लंघन गरेमा पीडितले सो उपर उजुर गर्न सक्ने निकाय र उजुरी गर्ने तरिका,
- कसूरदारले सजाय भोगिरहेको कारागारको नाम र ठेगाना,
- कसूरदारले प्रोवेशन, प्यारोल वा समुदायिक सेवा वा खुला कारागार वा यस्तै किसिमको अन्य कुनै सुविधा पाएमा सो सम्बन्धी व्यहोरा,
- कसूरका सम्बन्धमा भएको फैसलाको विरूद्ध नेपाल सरकारले पुनरावेदन गरे नगरेको,
- फैसला विरूद्ध प्रतिवादीको पुनरावेदन परेकोमा प्रत्यर्थी झिकाउने आदेश भएकोमा सो को व्यहोरा,
- फैसला विरूद्ध परेको पुनरावेदनमा पुनरावेदन तहको निर्णय र सोको परिणाम,

- कसूरदारलाई सुपरिवेक्षणमा राखिएकोमा सुपरिवेक्षणको शर्त परिवर्तन गर्न वा सुपरिवेक्षणको आदेश खारेज गर्न कसूरदार वा अन्य कसैले निवेदन दिएकोमा सो निवेदनमा भएको निर्णय,
- थुना वा कैदमा रहदा अभियुक्त वा कसूरदारको मृत्यु भएमा सोको व्यहोरा,
- विदेशी अभियुक्त वा कसूरदारलाई नेपाल सरकारले नेपालको राज्य क्षेत्रभन्दा बाहिर फिर्ता पठाएमा वा विदेशी राज्य वा सरकारलाई हस्तान्तरण (डिपोर्ट) गरेमा सो को व्यहोरा ।

### सूचना उपलब्ध गराउनु पर्ने व्यवस्था

- पीडितलाई सूचना दिनु पर्ने कर्तव्य भएको निकाय वा पदाधिकारीलाई त्यस्तो विषयको काम कारबाहीमा संलग्न रहेका वा त्यस्तो सूचनाको अभिलेख राख्ने वा त्यस्तो सूचनामा पहुँच भएका सम्बन्धित निकाय वा पदाधिकारीले त्यस्तो सूचना यथाशीघ्र उपलब्ध गराउनु पर्नेछ ।

### पेशीको सूचना दिने व्यवस्था

- अदालतले कसूर सम्बन्धी मुद्दामा कम्तीमा सात दिन अघि नै पेशीको सूचना सम्बन्धित सरकारी वकिल कार्यालयलाई दिनु पर्नेछ । सूचना प्राप्त गरेपछि सरकारी वकिल कार्यालयले सम्भव भएसम्म सम्बन्धित पीडितलाई यथाशीघ्र पेशीको जानकारी दिनु पर्नेछ ।

### पीडितलाई सूचना दिने तरिकाको व्यवस्था

- पीडितलाई सूचना दिनु पर्ने कर्तव्य भएका सम्बन्धित निकाय वा अधिकारीले आवश्यकता अनुसार लिखित, मौखिक, टेलिफोन वा अभिलेखमा रहने गरी विद्युतीय माध्यमबाट समेत सूचना दिन सक्नेछ ।

### क्षतिपूर्ति सम्बन्धमा जानकारी पाउने अधिकार

पीडितले क्षतिपूर्ति पाउने भएमा र सो सम्बन्धमा पीडितले जानकारी मागेमा अभियोजन गर्ने अधिकारीले पीडितलाई जानकारी दिनु पर्छ । पीडितको तर्फबाट क्षतिपूर्ति सम्बन्धी कारबाही चलाउने अधिकार अभियोजन अधिकारीमा भएकोमा अभियोजन अधिकारीले पीडितको अनुरोधमा पीडितको तर्फबाट गर्नु पर्ने आवश्यक कारबाही गर्नु पर्छ ।

## फौजदारी न्यायिक प्रक्रियामा पीडितका अन्य अधिकारहरू

### स्वच्छ व्यवहार पाउने अधिकार

- पीडितलाई फौजदारी न्यायिक प्रक्रियामा शिष्ट, मर्यादित, स्वच्छ र सम्मानजनक व्यवहार पाउने अधिकार छ ।



### भेदभाव विरुद्धको अधिकार

- फौजदारी न्यायिक प्रक्रियामा पीडितलाई उनको धर्म, वर्ण, लिङ्ग, जात, जाति, यौनिकता, उत्पत्ति, भाषा, वैवाहिक स्थिति, पारिवारिक स्थिति, उमेर, शारीरिक वा मानसिक अस्वस्थता, अपांगता वा वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्न मिल्दैन ।

- नाबालिग, जेष्ठ नागरिक वा शारीरिक वा मानसिक रूपले अशक्त पीडित व्यक्तिको खास आवश्यकतालाई फौजदारी न्यायिक प्रक्रियाको रोहमा विचार गर्नु पर्ने भएमा सम्भव भएसम्म त्यस्तो पीडित प्रति विशेष व्यवहार गर्न रोक लगाएको मानिन्दैन ।

## गोपनीयताको अधिकार

- जबरजस्ती करणी, हाडनाता करणी, मानव बेचविखन, यौन दुर्व्यवहार, नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अन्य फौजदारी कसूरहरूमा अनुसन्धान, तहकिकात, अभियोजन र अदालती कारबाहीको सिलसिलामा पीडितलाई गोपनीयताको अधिकार हुन्छ ।
- यी कसूरमा कसैले पनि पीडितको पहिचान कुनै पनि रूपबाट प्रकट गर्न हुँदैन ।
- अदालती कारबाहीको सिलसिलामा पीडितसँग कुनै कागज गराउनु, बयान लिनु वा बकपत्र गराउनु परेमा पीडितलाई निजको पहिचान नखुल्ने गरी प्रस्तुत गर्नु पर्छ वा पीडितको वास्तविक स्वर बदल्न दिनु पर्छ वा अभियुक्तले देख्न सुन्न नपाउने किसिमले श्रव्यदृष्य संवाद प्रविधि प्रयोग गर्नु पर्छ वा अभियुक्तले देख्न वा सुन्न नपाउने गरी वा सुन्न मात्र पाउने व्यवस्था मिलाउनु पर्छ ।

## सुरक्षित हुन पाउने अधिकार

- पीडितलाई शंकास्पद व्यक्ति, अभियुक्त, कसूरदार वा निज सम्बद्ध व्यक्ति वा अभियुक्तका साक्षीबाट पीडित वा पीडितको नजिकको नातेदार र पीडितमा आश्रित व्यक्ति विरूद्ध हुन सक्ने आक्रमण, क्षति, डर, त्रास वा धम्कीबाट सुरक्षित हुन पाउनु अधिकार हुन्छ ।

## धारणा व्यक्त गर्ने अधिकार

अदालतमा विचाराधिन कसूर सम्बन्धी मुद्दा फिर्ता गर्न मञ्जुरी दिने नदिने सम्बन्धमा पीडितले सुनुवाइ गर्दा देहाय बमोजिमको अवस्थामा आफ्नो धारणा व्यक्त गर्न पाउने अधिकार हुनेछः

- पीडितले सम्बन्धित अधिकारी समक्ष सम्बन्धित कसूरमा शंकास्पद व्यक्तिका सम्बन्धमा अभियोग लगाउँदा, शंकास्पद व्यक्तिका सम्बन्धमा मुद्दा नचलाउने निर्णय गर्नु परेमा,
- अभियुक्तसँग प्रचलित कानून बमोजिम अभियोगको सौदाबाजी मार्फत सम्झौता गर्नु परेमा,
- सजायमा छुट माग दावीको निमित्त मुद्दा हेर्ने अधिकारी समक्ष अनुरोध गर्नु परेमा,
- मुद्दा हेर्ने अधिकारी समक्ष दायर भएको अभियोगपत्रमा थप माग दाबी गर्नु पर्ने भएमा,



- कसूरदारलाई सजाय तोक्नु अगावै सजाय पूर्वको प्रतिवेदन तयार गर्नु परेमा,
- कसूरदारलाई सजाय तोक्दा, अभियुक्तमा कसूर गर्न सक्ने मानसिक वा शारीरिक क्षमता भए नभएको सम्बन्धमा अनुसन्धान गर्नु पर्ने भएमा,
- अभियुक्त वा कसूरदारका हकमा दिशान्तर (डाइभर्सन) कार्यक्रमको सेवामा लैजाने निर्णय गर्नु पर्ने भएमा,

- कसूरदारलाई प्रोवेशन, प्यारोल, निलम्बित सजाय, खुला कारागार, सामुदायिक सेवा वा यस्तै प्रकृतिको अन्य कुनै सुविधा दिने निर्णय गर्नु पर्ने भएमा,

यस्तो धारणा व्यक्त गर्नका लागि सम्बन्धित अधिकारीले पीडितलाई मनासिब समय प्रदान गर्नुपर्दछ ।

## कानून व्यवसायी राख्न पाउने अधिकार



- पीडितले चाहेमा फौजदारी न्यायिक प्रक्रियामा छुट्टै कानून व्यवसायी राख्न पाउँछ ।

## सुनुवाइमा उपस्थिति र सहभागिताको अधिकार

- पीडितलाई अदालतले अन्यथा आदेश दिएकोमा बाहेक कसूरका सम्बन्धमा हुने अदालतको सुनुवाइ सम्बन्धी कारबाहीमा उपस्थित हुन पाउने र आफ्नो भनाई राख्न पाउने अधिकार हुन्छ ।
- पीडित व्यक्ति मुद्दाको साक्षी समेत भएकोमा साक्षीको रूपमा निजले बकपत्र नगरेसम्म निजलाई अदालतले खास कारबाहीमा उपस्थित हुन रोक लगाउन सक्नेछ ।
- पीडितले व्यक्त गरेको भनाईलाई समेत विचार गरी अदालतले आदेश वा निर्णय गर्नु पर्नेछ ।

## सुनुवाइको सिलसिलामा छुट्टै कक्षमा रहन पाउने अधिकार

- अदालतले कसूरको सुनुवाइको सिलसिलामा अभियुक्त, अभियुक्त सम्बद्ध व्यक्ति र अभियुक्तका साक्षीबाट पृथक रहने गरी पीडितको निमित्त छुट्टै कक्ष उपलब्ध गराउन सक्नेछ ।
- छुट्टै कक्ष उपलब्ध गराउन सम्भव र व्यवहारिक नभएमा सुनुवाइ हुँदा अदालतले पीडितको सुरक्षा र हितको निमित्त पीडितसँग अभियुक्त, अभियुक्त सम्बद्ध व्यक्ति र अभियुक्तका साक्षीले अदालतले अन्यथा आदेश दिएकोमा बाहेक सम्पर्क गर्न नसक्ने आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

## सम्पत्ति फिर्ता पाउने अधिकार



- अनुसन्धानको सिलसिलामा वा प्रमाणको लागि नियन्त्रणमा लिएको पीडितको सम्पत्ति अनुसन्धान कार्य पूरा भएपछि यथाशीघ्र सम्बन्धित अनुसन्धान अधिकारीले पीडितलाई फिर्ता गर्नु पीडितको अधिकार हो ।
- नियन्त्रणमा लिएको सम्पत्तिलाई प्रमाणको लागि अदालत समक्ष पेश गर्नु पर्ने भएमा वा सम्पत्तिको स्वामित्व वा भोगको विषयमा विवाद भएमा विवाद टुङ्गो लाग्नु अगावै सम्पत्ति फिर्ता गरिने छैन ।
- अदालतले आवश्यक ठानेमा त्यस्तो सम्पत्ति विवाद टुङ्गो लाग्नु अगावै फिर्ता गर्ने गरी आदेश गर्न सक्नेछ ।

### कसूर सम्बन्धी मुद्दाका सम्बन्धमा छलफल गर्न सक्ने सम्बन्धी व्यवस्था

- पीडित र अभियुक्त दुवैको सहमतिमा कसूरसँग सम्बन्धित कुनै विषयमा अदालतले छलफल गर्दा विवाद समाधानमा सघाउ पुग्ने कुरामा अदालत विश्वस्त भएमा वा छलफल अदालतको सुपरिवेक्षणमा हुने भएमा वा छलफल गर्दा सार्वजनिक हित र न्यायमा प्रतिकूल असर नपर्ने भएमा पीडित र अभियुक्तबीच छलफल गराउन सक्नेछ ।

### लिखित निवेदन दिन सक्ने अधिकार

- अदालतको आदेश वा निर्णयमा चित्त नबुझेकोमा त्यस्तो आदेश वा निर्णय विरूद्ध नेपाल सरकारलाई निवेदन वा पुनरावेदन दिने अधिकार भएका पीडितले सो आदेश वा निर्णय विरूद्ध निवेदन वा पुनरावेदन दिन अनुरोध गरी सम्बन्धित निकाय वा अधिकारी समक्ष लिखित निवेदन दिन पाउनेछ ।
- निर्णय आदेश वा निर्णय विरूद्ध निवेदन वा पुनरावेदन दिने अधिकार पाएको सम्बन्धित निकाय वा अधिकारीले त्यस्तो निवेदन उपर विचार गरी निर्णय गर्नु पर्नेछ र निर्णयको जानकारी पीडितलाई दिनु पर्नेछ ।



### हदम्याद

- निवेदन त्यस्तो आदेश वा निर्णयको जानकारी प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र गर्नु पर्नेछ ।

## फौजदारी न्यायिक प्रक्रियामा पीडितको कर्तव्य

- समयमै अधिकार प्राप्त निकाय वा अधिकारी समक्ष कसूरका सम्बन्धमा जाहेरी वा सूचना दिने,
- कसूरको अनुसन्धान र अभियोजनका सिलसिलामा अनुसन्धान वा अभियोजन गर्ने अधिकारीलाई सहयोग गर्ने,
- कसूरमा संलग्न व्यक्तिलाई बचाउने उद्देश्यले अनुसन्धान अधिकारी वा अदालत समक्ष उपस्थित नहुने वा उपस्थित भएर पनि सो उद्देश्यले बयान दिने,
- बकपत्र गर्ने वा कुनै प्रमाण पेश गर्ने कार्य नगर्ने,
- आफ्नो वास्तविक नाम, थर, वतन, टेलिफोन नम्बर, इमेल ठेगाना उपलब्ध गराउने र त्यसमा कुनै परिवर्तन भए यथाशीघ्र जानकारी गराउने पीडितका कर्तव्य भित्र पर्छ ।

### अधिकारको सम्मान गर्नु अधिकारीको कर्तव्य

- कसूरको अनुसन्धान, अभियोजन, तहकिकात तथा न्याय निरूपणको प्रक्रियामा संलग्न हुने अधिकारीले प्रदत्त पीडितका अधिकारको सम्मान गर्दै कार्यान्वयनको लागि उचित ध्यान दिनु पर्नेछ ।

## उच्च अदालतद्वारा अधिकार प्रचलन सम्बन्धी व्यवस्था




- अधिकारको प्रचलनको लागि पीडितले सम्बन्धित उच्च अदालतमा निवेदन दिन सक्नेछ ।
- उक्त निवेदनबाट पीडितका अधिकारको अतिक्रमण वा हनन भएको देखिएमा त्यस्ता अधिकारको प्रचलनको लागि उच्च अदालतले उपयुक्त आदेश जारी गर्न सक्नेछ ।
- आदेश जारी गर्दा उच्च अदालतले पीडितका अधिकारको जानी जानी अतिक्रमण गर्ने, हनन गर्ने वा कटौती गर्ने अधिकारीलाई निजको सेवा शर्त सम्बन्धी विभागीय कारवाही गर्न सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाउन सक्नेछ ।
- लेखी आएमा सम्बन्धित अधिकारीले त्यस्तो अधिकारीलाई विभागीय कारवाही गर्नु पर्नेछ ।

## काम कारवाही बदर नहुने सम्बन्धी व्यवस्था

- पीडितका अधिकार पीडितले उपभोग गर्न नपाएको वा उल्लंघन भएको वा अस्वीकार गरिएको कारणले मात्र प्रचलित कानून, यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम भइसकेको निर्णय, आदेश वा कार्य बदर वा अमान्य हुने छैन ।

# क्षतिपूर्ति सम्बन्धी व्यवस्था

## अन्तरिम क्षतिपूर्ति

- पीडितलाई तत्काल उपचार गराउनु पर्ने भएमा वा क्षतिपूर्ति वा कुनै प्रकारको राहत रकम दिनु परेमा त्यस्तो व्यक्तिलाई औषधोपचार गराउन वा अन्तरिम रूपमा क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउन अदालतले आदेश दिन सक्नेछ ।
- आदेश भएमा पीडितलाई कोषबाट क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउनु पर्नेछ ।
- उपलब्ध गराइएको क्षतिपूर्ति वा राहत रकम अदालतबाट फैसला हुँदा अभियोग लागेको व्यक्ति कसूरदार ठहर भएमा त्यस्तो कसूरदारलाई फैसला भएको पैंतीस दिनभित्र त्यस्तो रकम कोषमा जम्मा गर्न अदालतले आदेश दिनेछ ।
- अदालतले आदेश दिएकोमा त्यस्तो कसूरदारले क्षतिपूर्ति वा राहत बापतको रकम कोषमा जम्मा गर्नु पर्नेछ र निजले सो अवधिमा त्यस्तो रकम जम्मा नगरेमा फैसला भएको साठी दिनभित्र त्यस्तो कसूरदारको जुनसुकै जायजेथाबाट सरकारी बाँकी सरह असुल उपर गर्नु पर्नेछ ।

## कसूरदारबाटै क्षतिपूर्ति भराइ दिने सम्बन्धी व्यवस्था

- अदालतले मुद्दाको अन्तिम किनारा गर्दा कसूरदारबाट पीडितलाई मनासिब माफिकको रकम क्षतिपूर्ति स्वरूप भराइदिने गरी आदेश गर्न सक्नेछ ।
- अदालतले क्षतिपूर्ति भराउने आदेश गर्दा पीडितले अन्तरिम क्षतिपूर्ति प्राप्त गरे नगरेको बारेमा यकिन गर्नु पर्नेछ ।

- अन्तरिम क्षतिपूर्ति प्राप्त गरिसकेको पीडितलाई कसूरदारबाट क्षतिपूर्ति भराईदिने गरी अदालतले आदेश दिएमा पीडितले प्राप्त गरेको अन्तरिम क्षतिपूर्ति बापतको रकम कोषमा फिर्ता गरी बाँकी रकममात्र पीडितलाई उपलब्ध गराइनेछ ।
- कसूरदारको कुनै सम्पत्ति नभई पीडितले क्षतिपूर्ति नपाउने देखिएमा वा कसूर स्थापित भएको तर कसूरदार कायम हुन नसकेको अवस्थामा वा कसूरसँग सम्बन्धित मुद्दा प्रचलित कानून बमोजिम फिर्ता भएमा अदालतले कोषबाट क्षतिपूर्ति स्वरूप उचित रकम पीडितलाई भराईदिने गरी आदेश गर्न सक्नेछ ।
- आदेश प्राप्त भएको पैंतीस दिनभित्र कोषबाट क्षतिपूर्ति बापतको रकम पीडितलाई उपलब्ध गराईनेछ ।

## क्षतिपूर्तिको रकम निर्धारण गर्दा लिइने आधारहरू सम्बन्धी व्यवस्था

अदालतले पीडितलाई उपलब्ध गराइने क्षतिपूर्तिको रकम निर्धारण गर्दा देहायको कुनै वा सबै विषयलाई आधार लिन सक्नेछः



- पीडितले व्यहोर्नु परेको वा पर्ने चिकित्सकीय, मनोवैज्ञानिक र मनोचिकित्सकीय परामर्श बापत मनासिब खर्च,
- पीडितले व्यहोर्नु परेको वा पर्ने औषधोपचार खर्च,
- पीडितले व्यहोर्नु परेको अप्रत्यासित यातायात खर्च,
- पीडितले व्यहोर्नु परेको कानून व्यवसायीको खर्च,
- कसूरको प्रत्यक्ष परिणामको कारणबाट पीडितको व्यक्तिगत क्षमतामा पुगेको क्षति,
- पीडितले व्यहोर्नु परेको वा पर्ने आर्थिक क्षति, तर त्यस्तो आर्थिक क्षति बापत पीडितले प्रचलित कानून बमोजिमको बिमाबाट क्षतिपूर्ति प्राप्त गरेकोमा वा प्राप्त गर्ने भएकोमा यस खण्ड बमोजिम क्षतिपूर्ति दिइने छैन ।
- क्षति पुगेका व्यक्तिगत सामानको मर्मत सम्भार वा नयाँ खरिद गर्दा लागेको वा लाग्ने खर्च,
- जबरजस्ती करणीको कसूरको हकमा सो कसूरबाट पीडितको सामाजिक, सांस्कृतिक वा पारिवारिक प्रतिष्ठा वा सम्बन्धमा परेको प्रतिकूल प्रभाव,
- जबरजस्ती करणीका कारण पीडित गर्भवती भएकोमा प्रचलित कानून बमोजिम गर्भपतन गर्न वा शिशु जन्माउन र शिशुलाई पालनपोषणको लागि लाग्ने खर्च,
- कसूरको प्रत्यक्ष परिणाम स्वरूप पीडितको गुमेको वा क्षति पुगेको आय आर्जन क्षमता,
- पीडितको शारीरिक सौन्दर्यमा परेको प्रतिकूल असर,
- पीडितको शारीरिक, बौद्धिक, यौन वा प्रजनन क्षमतामा भएको क्षति,
- कसूरका कारण गर्भपतन भएकोमा औषधोपचार खर्च,
- विशेष अवस्था आकर्षित हुनेमा पीडितले निज विरूद्ध हुन सक्ने थप कसूरबाट बच्ने असल नियतले परेको मनासिब खर्च, "विशेष अवस्था" भन्नाले कसूर हुँदाका बखत पीडितको शारीरिक वा मानसिक स्थिति वा पीडितको बसोबास स्थल, कार्यस्थल वा वारदातस्थलको विशेष अवस्थितिको अनुचित

लाभ उठाई पीडितको विरूद्धमा गरिएको कसूरको प्रत्यक्ष परिणाम स्वरूप पीडितले असामान्य प्रभाव वा असर बेहोरेको वा व्यहोर्नु पर्ने अवस्था ।

- पीडितले व्यहोर्नु परेको मानसिक वा भावनात्मक क्षति,
- क्षतिको प्रकृति र प्रभाव अनुसारको अन्य उपयुक्त आधार
- विशेष अवस्था आकर्षित हुने पीडितका हकमा थप कसूरबाट प्रथमस्तरको पीडितलाई बचाउने असल नियतले पीडितले गरेको मनासिब खर्च,
- नाबालिग सन्तानले गुमाएको अभिभावकको संरक्षकत्व ।




## क्षतिपूर्ति तथा सामाजिक पुन:स्थापनाको अधिकार

- पीडितलाई पुगेको क्षति बापत क्षतिपूर्ति पाउने अधिकार हुनेछ । पीडितको समाजिक पुन:स्थापनाको लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले पारस्परिक समन्वयमा उपलब्ध स्रोत साधनको आधारमा आवश्यक योजना तथा कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

## निवेदन दिन वा पुनरावेदन गर्न सक्ने अधिकार

- कुनै कसूरमा अदालतबाट भएको आदेश वा निर्णय सम्बन्धित पीडितलाई चित्त नबुझेमा सो को आधार र कारण खुलाई त्यस्तो आदेश वा निर्णय विरूद्ध निवेदन दिन वा पुनरावेदन गर्न सकिने रहेछ भने पीडितले त्यस्तो निवेदन दिन वा पुनरावेदन गर्न सक्नेछ ।
- निवेदनमा उल्लेख गरिएको आधार र कारण विचार गरी सम्बन्धित अधिकारीले निर्णय गर्नु पर्नेछ र त्यस्तो निर्णयको जानकारी निवेदकलाई समेत दिनु पर्नेछ ।

## हदम्याद

- निवेदन दिने वा पुनरावेदन गर्ने सम्बन्धमा सम्बन्धित कानूनमा कुनै अवधि नतोकिएकोमा त्यस्तो निवेदन वा पुनरावेदन आदेश वा निर्णयको जानकारी पाएको मितिले पन्ध्र दिनभित्र दिइसक्नु पर्नेछ ।

## क्षतिपूर्ति उपलब्ध नगराइने व्यवस्था

पीडितलाई तल उल्लेखित बमोजिम क्षतिपूर्ति उपलब्ध गराईने छैन:

- जुन कसूरको सम्बन्धमा क्षतिपूर्ति पाउने हो सो कसूर गर्ने, सोको उद्योग गर्ने, सो कसूर गर्न दुरूत्साहन दिने वा षडयन्त्र गर्ने वा कसूर गर्न सहयोग गर्ने वा सो कसूरमा संलग्न मतियार,
- क्षतिपूर्ति दाबी गर्ने व्यक्ति अन्य कुनै कसूरमा संलग्न भएको बखत वा सोही कारणले निज विरूद्ध कसूर भएकोमा प्रथमस्तरको पीडितको हैसियतमा यस ऐन बमोजिमको क्षतिपूर्ति पाउँ भनी माग गर्ने,
- कसैको विरूद्ध कसूर गर्न गएका बखत वा सोही कारणबाट मृत्यु भएको व्यक्तिको पारिवारिक पीडित,
- सवारी दुर्घटनाको कारणबाट भएको क्षतिको सम्बन्धमा तेस्रो पक्षको बिमा व्यवस्था अन्तर्गत क्षतिपूर्ति पाउने व्यक्ति, तर मार्ने वा क्षति पुर्याउने उद्देश्यले सवारी साधन प्रयोग गरी मारेमा वा क्षति पुर्‍याएमा यस ऐन बमोजिम क्षतिपूर्ति उपलब्ध गराउन बाधा पर्ने छैन ।

- संगठित अपराधमा कसूरदार ठहरिएको व्यक्ति,
- प्रथमस्तरको पीडित अन्य कुनै कसूरमा संलग्न भएको जानकारी भएकोमा वा त्यस्तो जानकारी पाउनुपर्ने मनासिब कारण भएको द्वितीयस्तरको पीडित वा पारिवारिक पीडित व्यक्ति, तर जुन कसूरमा क्षतिपूर्ति पाउने हो सो कसूर हुँदा साक्षी रहेको व्यक्तिको हकमा यो व्यवस्था लागू हुने छैन ।
- कसूरको कारणबाट पीडितलाई गर्नु पर्ने उपचार सरकारको तर्फबाट निःशुल्क गरिएको वा सरकारले खर्च व्यहोरेको र पीडितलाई निको हुने सम्भावना भएमा त्यस्तो व्यक्ति, तर चिकित्सकीय परामर्श वा औषधोपचार रकम बाहेक अन्य क्षतिको हकमा क्षतिपूर्ति दिन बाधा पर्ने छैन ।



- कैद सजाय पाई थुनामा रहेको अवधिमा निज विरूद्ध कसूर भएको कारणबाट मानसिक क्षति व्यहोरेको पीडित कैदी, तर प्रचलित कानून बमोजिम लागेको जरिवाना तिर्न नसकेको कारणबाट मात्र कैदमा बस्नु परेकोमा मानसिक क्षति बापत समेत क्षतिपूर्ति दिन बाधा पर्ने छैन ।
- राज्य विरूद्धको कसूरमा कसूरदार ठहरिएको व्यक्ति,
- नाबालिग वा मानसिक सन्तुलन नभएको पीडित बाहेक पीडितले आफू विरूद्ध कसूर गर्न उक्साएको वा पीडितको आचरणको कारण निज विरूद्ध भएको कसूरबाट पीडित व्यक्ति,
- कसूरका सम्बन्धमा अनुसन्धान वा अदालती कारबाहीका सम्बन्धमा जाहेरी वा उजुरी नदिने, झुट्टा जाहेरी वा उजुरी दिने, अनुसन्धान वा अभियोजन गर्ने अधिकारीलाई सहयोग नगर्ने वा कसूरमा संलग्न व्यक्तिलाई बचाउने उद्देश्यले बयान, बकपत्र गर्ने वा प्रमाण पेश गर्ने वा सो उद्देश्यले अनुसन्धान अधिकारी समक्ष भएको बयान भन्दा अदालतमा प्रतिकूल बयान वा बकपत्र गर्ने व्यक्ति,
- जुन कसूरको सम्बन्धमा क्षतिपूर्ति पाउने हो सो कसूरको सम्बन्धमा नेपाल सरकारको अन्य कुनै स्रोतबाट आर्थिक सहायता वा क्षतिपूर्ति पाएको वा पाउने देखिएको व्यक्ति,
- न्यायको दृष्टिले क्षतिपूर्ति प्रदान गर्न अनुचित देखिएको व्यक्ति,
- क्षतिपूर्ति लिन नचाहेको व्यहोराको निवेदन दिने व्यक्ति,
- पीडितले अदालतको आदेश बमोजिमको जरिवाना, बिगो वा अन्य कुनै रकम वा नेपाल सरकारलाई तिर्न बुझाउन पर्ने राजश्व वा अन्य रकम तिर्न बुझाउन बाँकी रहेको व्यक्ति,
- झुट्टा उजुरी दिएको ठहर भएमा,
- कसूर हुँदाका बखत पीडित र पीडक दुबै सगोलका परिवारका सदस्य रहेको कारण क्षतिपूर्तिको लाभ पीडकले प्राप्त गर्न सक्ने देखिएमा त्यस्तो पीडित,

## आश्रित सन्तान वा अभिभावकले क्षतिपूर्ति पाउने व्यवस्था

- क्षतिपूर्ति प्राप्त नगर्दै पीडितको मृत्यु भएमा त्यस्तो क्षतिपूर्तिको रकम निजमा आश्रित सन्तान वा अभिभावकले पाउनेछ ।

### क्षतिपूर्ति बापत पहिले पाएको रकम कट्टा गरिने व्यवस्था

- पीडितलाई क्षतिपूर्ति बापतको रकम भुक्तानी गर्दा निजले पहिले अन्तरिम क्षतिपूर्ति बापत प्राप्त गरेको रकम कटाएर बाँकी रहन गएको रकम मात्र उपलब्ध गराइनेछ ।

### क्षतिपूर्ति रकम कोषमा दाखिला गरिने व्यवस्था

- क्षतिपूर्ति पाउने जानकारी पीडितलाई दिएको मितिले ६ महिनासम्म क्षतिपूर्ति लिन नआएमा सो अवधिपछि त्यस्तो क्षतिपूर्ति रकम कोषमा दाखिला गरिनेछ ।

### क्षतिपूर्ति रकममा अन्य कसैको अधिकार नहुने व्यवस्था

- क्षतिपूर्ति स्वरूप पाएको रकम फिर्ता, कट्टा वा असुल उपर हुनेमा बाहेक सो रकममा अरू कसैको अधिकार हुने छैन ।

### कोषबाट क्षतिपूर्ति उपलब्ध गराईने व्यवस्था

- पीडकको उमेर, मानसिक अस्वस्थता, कुटनीतिक उन्मुक्ति र अन्य कुनै कारणले आपराधिक दायित्व बहन गर्न नपर्ने व्यक्तिबाट भएको कुनै कसूरको परिणाम स्वरूप व्यहोर्नु परेको क्षति बापत पीडितलाई कोषबाट मनासिब माफिकको रकम क्षतिपूर्ति उपलब्ध गराइनेछ ।

### क्षतिपूर्तिको दावी लिनु पर्ने व्यवस्था

- कुनै कसूरमा अभियोजन गर्दा प्रथमस्तरको पीडित, द्वितीयस्तरको पीडित र पारिवारिक पीडितले प्राप्त गर्ने क्षतिपूर्तिको सम्बन्धमा स्पष्ट दावी लिनु पर्नेछ ।

**महिला, कानुन र विकास मञ्च (FWLD)**
७२, आदर्श मार्ग, थापाथली
पो.ब.नं. २६५३८, काठमाडौं, नेपाल
फोन नं. ४२६६४१५, ४२४२६८३
फ्याक्स : ४२४०६२७
इमेल : fwld2013@gmail.com
Website : www.fwld.org

**यो प्रकाशन The Ford Foundation को सहयोगमा प्रकाशन गरिएको हो ।**